त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८०।०९।०८

## बि.ई/बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन (तेस्रो चरण) सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०८०/०८१ मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुन: आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुन: आवदेन २०८० पौष ११ गते बिहान १०:०० बजे देखि २०८० पौष १२ गते अपरान्ह ३:०० बजे सम्म यस क्याम्पसको भर्नाको Web site: pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी गर्न सकिनेछ ।
- फाराम भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय Full Fee) दुबै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ ।
- आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ । उल्लेखित शुल्क सिद्धार्थ बैक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता न. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भौचर लिनुपर्नेछ ।
- बैंक भाउचर भर्दा २०८०/०८/०६ मा प्रकाशित सुचनामा सलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ । जस्तै: कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2080-16026 भएमा बैंक भाउचरमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) बापत थप रु. ५००।- लाग्नेछ ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०८० मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुन: आवेदन दिन सक्नेछन् ।
  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु ।
  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु ।
  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु ।
  घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु ।
- हाल रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Civil Engineering Full Fee (2) | २ | - | २ |
| २. | Architecture Regular (3) | १ | - | १ |
| ३. | Architecture Full Fee (4) | १ | - | १ |
| ४. | Electrical Engineering Regular (5) | १ | - | १ |
| ५. | Electrical Engineering Full Fee (6) | ३ | - | ३ |
| ६. | Electronics... Engineering Full Fee (8) | १ | - | १ |
| ७. | Chemical Engineering Full Fee (30) | २ | - | २ |
| | Total | ११ | - | ११ |

**हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ ।**

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ । **तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ ।**

- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार छैठौं सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा सातौं सूची प्रकाशन गरिनेछ । भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | २०८० पुस ११ गते विहान १०:०० बजे देखि २०८० पुस १२ गते अपरान्ह ३:०० बजेसम्म |
| २. आवेदकहरुको नामावली प्रकाशन | २०८० पुस १३ गते विहान १०:०० बजे |
| ३. प्राथमिकतामा थपघट वा संशोधन | २०८० पुस १३ गते विहान १०:०० बजे देखि १२:०० बजेसम्म |
| ४. आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०८० पुस १३ गते दिउँसो १:०० बजे |
| ५. आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०८० पुस १३ गते दिउँसो २:०० बजे |
| ६. आर्किटेक्चर झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०८० पुस १३ गते साँझ ४:०० बजे |
| ७. छैठौं सूची प्रकाशन | २०८० पुस १६ गते विहान १०:०० बजे |
| ८. छैठौं सूची उपर दावि विरोध | २०८० पुस १६ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| ९. संशोधित छैठौं सूची प्रकाशन | २०८० पुस १६ गते साँझ ५:०० बजे |
| १०. छैठौं सूचीको भर्ना | २०८० पुस १७ गते विहान ११:०० बजदखि अपरान्ह ३:०० बजेसम्म |
| ११. सातौं सूची प्रकाशन | २०८० पुस १८ गते विहान १०:०० बजे |
| १२. सातौं सूची उपर दावि विरोध | २०८० पुस १८ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १३. संशोधित सातौं सूची प्रकाशन | २०८० पुस १८ गते साँझ ५:०० बजे |
| १४. सातौं सूचीको भर्ना | २०८० पुस १९ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १५. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०८० पुस २० गते |

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।

- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

अध्यक्ष

भर्ना समिति २०८०